म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १९९ २०८० जेठ ३० गते मंगलबार 13 June 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## प्युठानमा कार दुर्घटनामा ८ जनाको मृत्यु

प्युठानः प्युठानको स्वर्गद्वारी मन्दिर दर्शन गरेर दाङतर्फ फर्कंदै गरेका तीर्थयात्री सवार कार दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ। लु १ च ६३४५ नम्बरको निजी कार स्वर्गद्वारी नगरपालिका-४ भिङ्गीकोटमा सडकबाट तल खसेर दुर्घटना भएको थियो। दुर्घटनामा परेर कारमा सवार सबै ८ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्युठानका डीएसपी सुवास खड्काले जानकारी दिए। मृत्यु हुनेमा लमही नगरपालिका-५ का कार चालक ताराबहादुर कुमाल, लमही-७ बस्ने वर्ष ४० को गोविन्द शाह, उनकी श्रीमती वर्ष ३० की राधा नेपाली र छोरा वर्ष ९ को आदित्य शाह रहेका प्रहरीले जनाएको छ। प्रहरीका अनुसार तुल्सीपुर-१५ बस्ने वर्ष ३५ की सरिता शर्मा पोखेल, उनका छोरा वर्ष १४ का विशाल पोखेल र वर्ष ९ का विकास पोखेल तथा घोराही-१५ का वर्ष ११ का शिशिर सुवेदीको पनि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्युठानका प्रवक्ता प्रहरी निरीक्षक सुशील थापाले जानकारी दिए। स्रोतः अनलाइनखबर।




**बालश्रम विरुद्धः** बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा हेटौंडाको बुद्धचोकमा सोमबार साँझ दीप प्रज्ज्वलन गरिँदै। गैरसरकारी संस्थाहरुको अग्रसरतामा दीप प्रज्ज्वलन कार्य भएको हो। हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणा गर्ने तयारी भइरहेका बेला हेटौंडा उपमहानगरपालिका क्षेत्रमा बालश्रम न्यूनीकरण र नियन्त्रण हुन सकेको छैन। आइतबार मात्रै हेटौंडा उपमहानगरपालिकाले ३ जना बालबालिकालाई श्रमक्षेत्रबाट उद्दार गरेको थियो।

# कांग्रेस पार्टी देश जिताउन आएको होः गगन थापा



क्षेत्रीय भेलालाई सम्बोधन गर्नुहुँदै महामन्त्री गगनकुमार थापा

समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेस पार्टी चुनाव जित्न नभई देश जिताउन आएको बताउनुभएको छ। सोमबार मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ को क्षेत्रीय सम्मेलनमा आउनुभएका महामन्त्री थापाले यस्तो बताउनुभएको हो।

कांग्रेस पार्टीले देशमा जुनसुकै अप्ठ्यारो परेको बेला बाहिर निकाल्ने काम गरेको उहाँको भनाई छ। कांग्रेस समाजको बारेमा सोच्ने पार्टी भएको उहाँले दाबी गर्नुभएको छ। उहाँले राजनैतिक दलमा एमालेको बा, नयाँ पार्टीको भगवान र कांग्रेस पार्टीलाई मानिसको संज्ञा दिनुभएको छ।

नेपाली कांग्रेसको विधानमा प्रत्येक वर्ष अधिवेशन हुनुपर्ने व्यवस्था रहेको बताउँदै पार्टीले एक वर्षको कार्यतालिका बनाएर अगाडि बढ्नुपर्ने महामन्त्री थापाले बताउनुभयो। पछिल्लो समय नागरिक अतालिएको, आत्तिएको र निरास भएको पाएको उहाँको भनाई छ। उहाँले भन्नुभयो– 'मान्छे आशाले बाँचछ। सामाजमा आत्माविश्वास घट्दै गएको छ। मान्छेमा निराशा पैदा हुँदै गएको छ। मानिसमा आशा गुमेको छ।'

कांग्रेस स्थापनाकालमा पार्टीमा चुनाव हुने, सत्तामा जाने भन्ने कुनै कुरा नभएको उहाँले स्मरण गराउनुभयो। कांग्रेसले कानुन निर्माण गर्दा समाज कुन्ठित हुन पर्दैन भनेर कानुन बनाएको उहाँको भनाई छ। अहिले जनताले कांग्रेस पार्टीलाई सत्ता र कुर्सीको पछि लागिरहेको भन्ने बुझेको बताउँदै महामन्त्री टापाले कांग्रेस सत्ता र कुर्सीको लागि नहिँड्ने पार्टी भएको दाबी गर्नुभयो।

आगामी दिनमा चुनाव हारेपनि कांग्रेसले तालमेल नगर्ने प्रतिबद्धता थापाले जनाउनुभयो। तालमेल गर्दा आफ्नै पार्टीमा समस्या पैदा भएको उहाँको भनाई छ। कांग्रेस जनभावनालाई निरन्तर सुन्ने पार्टी भएकाले देशको नेतृत्व कांग्रेसले गर्ने बताउनुभयो। ठिक ठाउँमा उभिए कांग्रेस राम्रो हुने तर राम्रो काम नगरे कांग्रेस राम्रो नहुने उहाँको भनाई छ। पछिल्लो समय कांग्रेसभित्र गुटको कुरामा बादबिबाद बढ्दै गर्दा कांग्रेसको गुट नभई गिरोह पैदा भएको टिप्पणीसमेत गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले देशमा इतिहास कांग्रेसले बनाएको दाबी गर्नुभएको छ। इतिहासमा एकदलीय शासन व्यवस्थाले गर्दा पञ्चायती शासन हटाएको, बिद्रोह अन्त्य गर्न राजा फाल्ने काम कांग्रेसले गरेको उहाँको भनाई छ। राजनीतिमा कसरी कांग्रेस सुधार्ने भन्ने कुरामा जानुपर्ने बताउँदै बानियाँले गणतन्त्रमा कांग्रेसले जातको पहिचान हुने काम गरेको बताउनुभयो।

कांग्रेसको विधान नै संशोधन गर्नुपर्नेमा बानियाँले जोड दिनुभयो। पार्टीभित्र चुनावमा जित हुँदा मेरो सान हार्दा अन्तरघात भन्ने प्रविधि रहेकाले त्यो सुधार्नुपर्ने बताउनुभयो। कांग्रेसमा विधानअनुसार काम हुने भएकाले तल्लो तहकाले राम्रो काम गर्नुपर्ने उहाँको भनाई छ।

पार्टीमा पछिल्लो समयमा हरेक कार्यक्रममा आफूमात्रै ठिक, जान्ने भन्ने पद्धति रहेको नेपाली कांग्रेस जिल्ला सभापति बुद्ध लामाले बताउनुभयो। संघर्ष गरेर पार्टीलाई ठूलो बनाउँदा जस नदिने तर सानो बनाउँदा अपजस दिने काम भएको गुनासोसमेत गर्नुभयो। जनताको चाहना अनुरुपको कार्यक्रम पार्टीले ल्याउनुपर्ने बताउँदै कांग्रेस सकिने हैन अरुलाई सकाउने पार्टी भएको सभापति लामाले बताउनुभयो।

कार्यक्रममा कांग्रेस जिल्ला सह–सचिव इन्दिरा न्यौपानेले समानुपातिक प्रणाली नचाहिने बताउनुभयो। महिलाहरुलाई समानुपातिकमा राख्ने र एउटै मानिस धेरै पटक सांसद बनाउने पद्धति भएको उहाँको भनाई छ।

यस्तै, कांग्रेस राक्सिराङ गाउँपालिका सभापति राजकुमार मल्लले कांग्रेस जनमुखी बन्नुपर्नेमा जोड दिनुभयो। कांग्रेस चुनावको बेला पैसा बाँड्ने स्थिति रहेको बताउँदै त्यस्ता गतिविधि अन्त्य गर्न केन्द्रीय तहका नेतामा सुधार आवश्यक रहेको उहाँले बताउनुभयो। कांग्रेसको व्यवस्था राम्रो भएको तर नेतृत्व गर्ने नेता राम्रो नभएको टिप्पणी मल्लले गर्नुभयो।

कांग्रेस मनहरीका वडा सभापति भीम लामाले हिजोको दिनमा ईन्द्र बानियाँ हराउन गगन थापा लागेको र गगन थापा हराउन पनि ईन्द्र बनियाँ लागेको तर अहिले सँगै भएको बताउनुभयो।

# हेटौँडामा प्रदेश युवा सम्मेलन हुँदै




प्रदेश युवा सम्मेलनबारे जानकारी दिनुहुँदै कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई।

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश युवा परिषद्को आयोजनामा आगामी असार ११ र १२ गते हेटौँडामा प्रदेश युवा सम्मेलन हुने भएको छ। सोमबार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलन गर्दै आयोजक प्रदेश युवा परिषद्ले सम्मेलनबारे जानकारी गराएको हो।

बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले सम्मेलनबारे जानकारी गराउनुभयो। युवा पुस्तालाई मुलुक र समाजप्रति जिम्मेवार, नवप्रवर्तन, उद्यमशीलता र व्यक्तित्व विकास गर्न सम्मेलन आयोजना गरिएको उपाध्यक्ष चौलागाईले बताउनुभयो। अहिले सबै क्षेत्रमा युवाहरुको सहभागिता सोचेअनुरुप नभइरहेको उहाँले बताउनुभयो। देशमा युवाहरु अहिले रित्तिँदै गइरहेको अवस्था जोगाउन सम्मेलन आयोजना गर्न लागिएको उहाँले बताउनुभयो। युवा पुस्तालाई मुलुक र समाजप्रति जिम्मेवार बनाउन, नवप्रवर्तन, उद्यमशीलता र उच्च व्यक्तित्व विकास गर्न प्रेरित गर्ने उद्देश्यले युवा सम्मेलनको आयोजना गरिएको कार्यकारी उपाध्यक्ष चौलागाईको भनाइ छ।

प्रदेश युवा परिषद्की अध्यक्ष एवम् बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेशभित्रका युवाहरुको सन्दर्भमा केही गरौं र नयाँ गरौं भन्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको बताउनुभयो। कार्यक्रमले समग्र युवालाई अगाडि बढाउन प्रभावकारी भूमिका निर्वाह गर्ने उहाँको भनाई छ। आयोजना गर्न लागिएको सम्मेलन अरुभन्दा फरक भएकाले युवाहरुका लागि यो अवसरको कुरा रहेको उहाँले बताउनुभयो। उहाँले प्रदेश युवा परिषद्का क्रियाकलाप उल्लेखनीय र प्रभावकारी भएको पनि दावी गर्नुभएको छ।

सम्मेलनमा प्रदेशका १३ जिल्लाबाट समावेशी अवधारणाअनुसार १ सय ५० युवाको सहभागिता रहने जनाइएको छ। सम्मेलनमा युवाको सहभागितालाई प्रभावकारी बनाउन जिल्लाको सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदायलाई प्राथमिकता दिई कम्तिमा २ जना युवा महिला सहभागी हुने जनाइएको छ।

जिल्लाबाट जिल्ला युवा समितिमार्फत् नै ७५ जना सहभागी सिफारिस गर्नेछ भने अनलाइनमार्फत् सहभागिताका लागि ६० जना युवा सहभागी हुने जनाइएको छ। यस्तै, सरोकारवाला निकायको सिफारिसमा १५ जना सहभागी हुनेछन्। सम्मेलनमा २० देखि ३५ वर्ष उमेर समूहका युवाहरु सहभागी हुने जनाइएको छ।

सम्मेलनमा युवालाई अभिमुखीकरण र अभिप्रेरित गर्ने गरी ख्यातिप्राप्त व्यक्तित्व, सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वलाई श्रोतव्यक्तिको रुपमा सहभागी गराउने जनाइएको छ। सम्मेलनमा सहभागी युवाले आफ्ना अनुभव, अपेक्षा र योजना प्रस्तुत गरेर श्रोतव्यक्तिसँग अन्तरक्रिया गर्ने जनाइएको छ।

सम्मेलनमा ५ वटा सत्रको आयोजना गरिने जनाइएको छ। सम्मेलनमा नवप्रवर्तन र नवीनतम् सोचको विषयमा कारखाना समूहका प्रमुख कार्यकारी अधिकृत पवित्रबहादुर गौतमले युवासँग अन्तरक्रिया गर्नुहुनेछ। सूचना प्रविधिका विषयमा युवा वैज्ञानिक कोषका सदस्य डा. गिरिराज त्रिपाठीले सम्मेलनमा सहभागी युवासँग अन्तरक्रिया गर्नुहुनेछ। यस्तै, सामाजिक र सार्वजनिक जीवनमा युवा सहभागिताका विषयमा टेलिभिजन पत्रकार टीकाराम यात्री र विद्या चापागाईंसँगै लेखक तथा विश्लेषक केशव दाहालले अन्तरक्रिया गर्नुहुने जनाइएको छ।

उद्यम एवम् व्यावसायिक सुरुवात र उद्यमशीलताका विषयमा डाक्टर अनकल अनलाइनका सञ्चालक डा. सुयश कार्की र नेपाली उत्पादनको प्रवर्द्धनमा सक्रिय पूर्वमिसनेपाल अनुष्का श्रेष्ठले अन्तरक्रिया गर्नुहुनेछ। यस्तै, सामाजिक सञ्जालका विषयमा सन्तोष सिग्देल र उज्ज्वल आचार्य, राष्ट्र निर्माणमा युवाको भूमिका विषयमा माधव ढुंगेल, महेश दाहाल र सुरेन्द्र बस्नेतले युवामाझ आ-आफ्ना प्रस्तुति र अन्तरक्रिया गर्नुहुने जनाइएको छ।

# प्रदेशसभा बैठक जेठ ३२ गते बस्ने

हेटौंडाः बागमती प्रदेशसभाको बैठक यही जेठ ३२ गते बस्ने भएको छ। बागमती प्रदेशसभा सचिवालयले सूचना जारी गर्दै प्रदेशसभा बैठक जेठ ३२ गते दिउँसो २ बजे बस्ने जानकारी दिएको हो।

जेठ १९ गते सरकारको नीति तथा कार्यक्रम पारित गरेपछि अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको बैठक ३२ गते बस्ने भएको हो। असार १ गते बजेट सार्वजनिक गर्नुपूर्व बस्ने उक्त बैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को आर्थिक सर्वेक्षण पेश हुनेछ भने सो आर्थिक सर्वेक्षणमाथि छलफल हुने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए।

सचिव खड्काले जेठ ३१ गते दिउँसो २ बजे कार्यपरामर्श समितिको बैठक बसेर बैठकको कार्यसूची तयार पार्ने बताए। उनका अनुसार प्रदेश सरकारले असार १ गते आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट सार्वजनिक गर्ने तयारी गरेको र सोही कार्यव्यवस्था परामर्श समितिको बैठकले बजेट सार्वजनिक गर्ने बारेको कार्यसूचीसमेत निर्धारण गर्ने सचिव खड्काले बताए। (स्रोतः रातोपाटी)

# अभावका बेला दैनिक १० लाख लिटरको जोहो



सोमबार साँझ वितरणका लागि तयार भएको पानीको परीक्षण गरिँदै।

समाज संवाददाता

हेटौँडाः हेटौँडा खानेपानी व्यवस्थापन बोर्डले चरम सुख्खा मौसमको समयमा पनि दैनिक १० लाख लिटर पानीको थप स्रोत व्यवस्थापन गर्न सफल भएको छ। ३ दिनको प्रयासपछि मकवानपुरको भीमफेदी गाउँपालिका-१, भैंसेखोलाबाट दैनिक १० लाख लिटर पानी प्रणालीमा थप गर्न सफल भएको हो। पानीको चरम अभावका बेला हेटौँडा बजार क्षेत्रमा वितरण गर्नका लागि भैंसेखोला क्षेत्रमा पानीको स्रोत व्यवस्थापन गर्न सफल भएको हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टले बताउनुभएको छ।

हेटौँडा बजार क्षेत्रका करिब ८ हजार धारामा दैनिक बढीमा १ घण्टामात्रै पानी वितरण हुँदै गर्दा सर्वसाधारणलाई समस्या भइरहेको बेला ३ दिनको अथक प्रयासपछि दैनिक १० लाख लिटर पानीको स्रोत सुनिश्चित गर्न सफल भएको अध्यक्ष विष्टको भनाइ छ। नेपाली सेनाको मध्यपृतना हेडक्वार्टर सुपारेटार व्यारेकसँगैको भैंसेखोलाबाट खानेपानीको स्रोत व्यवस्थापन गरिएको हो। खडेरीका कारण करिब एक सातादेखि हेटौँडा बजार क्षेत्रमा पानी वितरण गर्न समस्या भइरहेको र समस्या भएका क्षेत्रमा खानेपानीको ट्यांकरमार्फत निशूल्क पानी वितरण गर्दै आएको अध्यक्ष विष्टले बताउनुभयो।

सोमबार साँझ ८ बजेबाट पानी वितरण सुरु भएको उल्लेख गर्नुहुँदै हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले मंगलबार साँझसम्ममा साविककैस्वरुपमा दैनिक औसत ६ घण्टा पानी वितरण गरिने दावी गर्नुभएको छ। भैंसेखोलामा श्रोत विकास गरी पानी वितरण गर्न ६ इन्च गोलाईको पाइपलाइन करिब एक सयमिटर नयाँ व्यवस्थापन गरिएको न्यौपानेले बताउनुभयो। मनसुन सक्रियभएसँगै खानेपानीको वितरण प्रणालीमा सहज हुने अपेक्षा गरिएको छ।

## सम्पादकीय

# चुनौतीपूर्ण बालश्रम

सोमबार बालश्रमविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइयो । मकवानपुर जिल्लाका हेटौंडा उपमहानगरपालिकालगायत अन्य केही पालिकामा गर्मीका कारण विद्यालय बन्द रहेकाले यो दिवसको अवसरमा कुनै औपचारिक कार्यक्रम भएन । संविधान र अन्य कानुनले गैरकानुनी मानेको बालश्रम मुलुकको लागि एउटा जटिल सामाजिक समस्या बनिरहेको छ । बालश्रमका कारण लाखौं बालबालिका बालअधिकारबाट वञ्चित भइरहेका छन् । घरेलु कामदार तथा अन्य विभिन्न अनौपचारिक रोजगारीका क्षेत्रमा बालश्रमको प्रयोग भएको पाइन्छ । बालश्रममा संलग्न भएकै कारण बालबालिकाले जोखिमपूर्ण श्रम गर्नुका साथै शिक्षाको अधिकारबाट वञ्चित हुने गरेका छन् । पढ्ने उमेरमा जोखिमपूर्ण काममा संलग्न हुनुपर्ने अवस्था बालबालिकाका लागि पक्कै सहज छैन । बालश्रमलाई विश्वबाटै अन्त्य गर्नका लागि प्रत्येक वर्ष जुन १२ मा बालश्रमविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिएको हो । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले सन् २००२ बाट यो दिवस मनाउन थालेको हो । श्रम सर्वेक्षण २०७८ अनुसार नेपालमा पाँचदेखि १८ वर्षसम्मका बालबालिकामध्ये १५.३ प्रतिशत श्रममा संलग्न रहेको जनाइएको छ ।

नेपालको संविधान २०७२ ले बालश्रमलाई गैरकानुनी भनेको छ । बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ ले १४ वर्षभन्दा कम उमेरका कसैलाई पनि कुनै पनि काममा लगाउन निषेध गरेको छ । १४ वर्षदेखि १८ वर्षसम्मका बालबालिकालाई श्रम कार्यालयबाट अनुमति लिएर अभिभावकको स्वीकृतिमा काममा लगाउन पाइने भए पनि उनीहरुलाई दैनिक ६ घण्टाभन्दा बढी समय काममा लगाउन पाइँदैन । बालबालिकालाई कुनै पनि निकृष्ट र जोखिमपूर्ण काममा लगाउन नपाइने र लगातार ३ घण्टाभन्दा बढी समय काममा लगाउन नपाइने व्यवस्था उक्त ऐनमा छ । बालबालिकालाई निष्कृष्ट प्रकारका काममा लगाए १० हजार रुपैयाँ जरिवाना वा ३ महिना कैद वा दुबै सजाय हुने कानुनी व्यवस्था छ । अझ जोखिमपूर्ण काममा लगाए ५० हजार रुपैयाँ जरिवाना वा एक वर्ष कैद वा दुबै सजाय हुने व्यवस्थासमेत छ । बालबालिकालाई काममा लगाउनेले सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।

जतिसुकै ऐन, कानुन बनाएर बालश्रम निषेध गरिएको भए पनि विभिन्न औपचारिक तथा अनौपचारिक श्रममा बालबालिका संलग्न भएको पाइन्छ । संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेर बाल अधिकारप्रति आफ्नो प्रतिबद्धता जाहेर गरेको भए पनि त्यसको कार्यान्वयन प्रभावकारी बन्न सकेको छैन । सरकारले वि.सं २०७९ सम्ममा निकृष्ट प्रकारका र शोषणयुक्त बालश्रम अन्त्य गर्ने र २०८२ सालसम्म सबै किसिमका बालश्रम अन्त्य गर्ने योजना अघि सारेको भए पनि कार्यान्वयन प्रभावकारी देखिएको छैन । अबको ६ महिनाभित्र हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने तयारी भइरहँदा हेटौंडाकै विभिन्न होटल, ग्यारेज तथा वर्कशपमा बालबालिका श्रममा संलग्न रहेको पाइएको छ । कयौं बालबालिकालाई स्वयम् अभिभावकले नै काम गर्ने ठाउँमा ल्याएर बालबालिकालाई काममा लगाउने गरेका कारण बालश्रममुक्त गर्न कठिन नै देखिन्छ ।

बालबालिकालाई शारीरिक र मानसिक असर पर्ने गरी दबाबमा कुनै पनि प्रकारको श्रममा लगाउन हुँदैन भनिए पनि व्यवहारमा त्यो लागू हुन सकेको छैन । कानुनीरुपमा बालअधिकारको कुरा गरिए पनि कार्यान्वयन हुन नसक्दा बालबालिकाले शारीरिक तथा मानसिक विकास हुन सकेको छैन । सरकारले बालबालिकाको शिक्षा, स्वास्थ्यलगायत अधिकार सुनिश्चित गर्न सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरेर काम गर्दै आएको छ । हेटौंडालाई बालमैत्री शासनयुक्त नगर घोषणाको तयारीमा पनि विभिन्न संघसंस्था तथा निकायले सहयोग गर्दै आएका छन् । अधिकांश बालबालिका रहरभन्दा बाध्यताले श्रममा संलग्न हुने गरेको भएकाले कतै न कतै ती बालबालिका श्रममा संलग्न हुने गरेका कारण बालश्रममुक्त चुनौतीपूर्ण देखिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दाम्पत्य जीवनमा विवाद कायमै रहने समय छ ।
**वृष** : सामाजिक क्षेत्रमा धनको व्यय हुने समय छ ।
**मिथुन** : मान– सम्मानमा क्रमशः वृद्धि हुने समय छ ।
**कर्कट** : सामाजिक कार्यमा बढी समय खर्चनु पर्ला ।
**सिंह** : पारिवारीक विवाद र खर्च वृद्धि रहने समय छ ।
**कन्या** : शैक्षिक क्षेत्रका काममा नैराश्यता प्राप्त ।
**तुला** : शत्रु पक्षको मनोबल घट्ने समय योग छ ।
**वृश्चिक** : पारिवारीक कलह प्राप्त रहने समय योग छ ।
**धनु** : निर्णय लिँदा र गर्दा विचारणीय समय योग छ ।
**मकर** : सामाजिक र राजनैतिक काममा आलोचित बनिएला ।
**कुम्भ** : चुनौतिपूर्ण कार्यहरु गर्दै जानुपर्ने समय योग छ ।
**मीन** : स्वास्थ्य समस्याले नसताउला भन्न सकिन्न ।

# भारत र चीनले हाम्रा बालहठ किन पूरा गर्ने ?



✍ त्रैलोक्य अर्याल



हाम्रो ठूलो समस्या भनेको हामी जनताले नेता तथा विश्लेषकलाई कडा प्रश्नहरु गर्नै छाडिसक्यौं । त्यसैले परराष्ट्र सम्बन्धको विश्लेषणहरु प्रायःजसो एकैखाले हुने गरेका छन् । जस्तैः नेपाल भूराजनैतिक महत्व बोकेको मुलुक हो, नेपाल चीन र भारत जोड्ने पुल हो, नेपालले दुवै छिमेकी र अमेरिकासित सन्तुलित सम्बन्ध राख्नुपर्छ, नेपालले दुवै छिमेकीसँग फाइदा उठाउनुपर्छ र नेपाल चीनको भौगोलिक अखण्डताको लागि महत्वपूर्ण छ ।

हामी यस्तै खाले विश्लेषण सुन्न, पढ्न मन पराउँछौं, हो ठीक कुरा गऱ्यो भन्छौं, हाम्रो भूराजनैतिक अवस्थामा गर्व गर्छौं। अनि भारत र चीन जोड्ने पुल बनेर समृद्ध भएको मिठो सपना देख्छौं । सायद कटु यथार्थ स्वीकार्ने हिम्मत नभएर हो वा विश्लेषक र नेताहरुको वाक्य वेदवाक्य मानेर हो हामी कठोर तर आवश्यक प्रश्नहरु सोध्दै सोध्दैनौं ।

तर अब यी स्थापित भाष्यहरुको निर्मम विश्लेषण वा चिरफार गरेर नेता तथा विश्लेषकलाई कठोर प्रश्नहरु सोध्न जरुरी छ । त्यो गरे मात्र नयाँ शिराबाट बहस गर्दै हाम्रो परराष्ट्र सम्बन्धमा देखिएका अन्योल र समस्याको समाधान पाउन सकिन्छ ।

सुरु गरौं धेरै सुनिने, पढिने नेपालको भूराजनैतिक महत्वबाट। के नेपाल साँच्चै नै भूराजनैतिक रुपले महत्वपूर्ण मुलुक हो त ? उहिले लडाकु विमान र क्षेप्यस्त्रहरु नहुँदा नेपालको भूराजनैतिक महत्व थियो होला तर अहिले के कति कारणले नेपाल भूराजनैतिक रुपमा महत्वपूर्ण छ त ?

यदि नेपाल हामीले सोचेको जस्तो वा हामीलाई बताइएको जस्तो महत्वपूर्ण हुन्थ्यो भने त यहाँ नेपाल र शक्तिराष्ट्रहरु बीच बाक्लै उच्चस्तरीय भ्रमणहरु हुन्थ्यो होला । नेपालमा भारत, चीन, अमेरिका, जापान आदिबाट वैदेशिक लगानी र सामरिक हतियार आउँथ्यो होला । तर यी सबै भएको छ त ? के आजको युगमा भारत र चीन बीच हुनु नै भूराजनैतिक रुपले महत्वपूर्ण हुनु हो त ?

अर्को भाष्यले हामीलाई चीन र भारत जोड्ने पुलको रुपमा दर्साउँछ। तर यो भाष्यको सबैभन्दा ठूलो समस्या भनेको चीन र भारतलाई नेपालभन्दा सहज रुपले जोड्ने मुलुक म्यान्मार छ है भन्ने कुरा चटक्कै बिर्सिन्छ वा उठाउनै चाहँदैन । दोस्रो विश्वयुद्धताका नै चीनमा चियांग काइशेक सरकारलाई जापान विरुद्धको लडाइँमा हतियार सहयोग गर्न चीनको युनानदेखि म्यान्मार हुँदै भारतको आसामसम्म बाटो स्टिलवेल रोड बनाइएको थियो । अहिले पनि यदाकदा यो सडकलाई फेरि संचालनमा ल्याउने कुरा उठिनै रहेको छ। चीनले विगतमा प्रस्ताव गरेको बंगलादेश, चीन, भारत, म्यानमार कोरिडोर (बीसीआईएम) यही स्टिलवेल रोडको नयाँ परिष्कृत रुपमा लिन सकिन्छ ।

यो कोरिडोर सुचारु भएमा यसले विकासको हिसाबले पछाडि परेको चीनको दक्षिण पश्चिम प्रान्तहरुलाई दक्षिण एसियाको ठूलो बजारसँग जोडेर त्यहाँको विकासमा महत्वपूर्ण भूमिका खेल्ने निश्चित छ र चीनलाई हिन्द महासागरसम्म पहुँच दिन्छ। म्यान्मारलाई पनि चार देशीय सडक संजालमा जोडिंदा फाइदै छ । उसको चीनसँगको सीमावर्ती इलाकामा रहेका विद्रोही समूहहरुको समस्या पनि समाधान हुने, विकास पनि हुने । भारतलाई पनि आफ्नो उत्तरपूर्वी राज्यहरुको विकास र त्यहाँ रहेका विद्रोही समूहको समस्या नियन्त्रण गर्न सजिलो हुन्छ । हो यो कोरिडोरको केही भाग भारत र चीनबीच विवादित अरुणाचल प्रदेशमा पर्छ तर हाल देखिएको भारत र चीन विवाद सधैं रहिरहन्छ भन्ने पनि छैन। फेरि व्यापार प्रवर्धन र सम्बन्ध सहज बनाउन चीनले सिक्किम भारतको भूभाग मानेर-भनेर नाथुला पासबाट व्यापार गरेकै हो । त्यसैले चीनले अरबौं डलर खर्च गरेर नेपालमा रेल किन ल्याउने ?

अब कुरा 'सन्तुलित सम्बन्ध' बारे । यो सुनेको र पढेको पनि दशकौं भयो सायद यो सुन्दासुन्दा कतिको कान पाकिसक्यो र पढ्दा-पढ्दा कतिको आँखा दुखिसक्यो । तर सन्तुलित सम्बन्धको वकालत गर्नेहरुबाट त्यो चमत्कारी सन्तुलन चाहिं कसरी गर्ने भन्ने चाहिं अहिलेसम्म सुनेको छैन ।

नेपाल जस्तो गरिब र कमजोर मुलुकले यी एकआपसमा परस्पर विरोधी विचारधारा र सामरिक नीति बोकेका मुलुकहरुसित कसरी सन्तुलित सम्बन्ध राख्न सक्छ ?

के नेपाल स्विट्जरल्यान्ड जस्तो सम्पन्न र आफ्नो राष्ट्रिय सुरक्षाप्रति कटिबद्ध छ ? संसारका हामीभन्दा ठूला, शक्तिशाली र धनी मुलुकहरुले नै अहिलेसम्म गर्न नसकेको वा नजानेको 'सन्तुलन' हामीले कसरी गर्ने ? अन्य देशहरुको उदाहरण हेर्ने हो भने पनि सन्तुलित परराष्ट्र नीति कसैको नि छैन । सबै एक न एक शक्तिराष्ट्रतिर ढल्केका छन्- चाहे बजारको लागि होस् वा सुरक्षाको लागि । सन्तुलित सम्बन्ध राख्न सामर्थ्य, आर्थिक तथा सैन्य चाहिन्छ, जुन दुर्भाग्यवश हामीसँग दुवै छैन ।

अर्को हामीले सधैं सुन्दै र पढ्दै आएको कुरो हो- नेपालले छिमेकीहरूको विकासबाट फाइदा उठाउनुपर्छ । यो कुरा यसरी भनिन्छ कि मानौं हाम्रा दुवै छिमेकीहरु हामीलाई फाइदा दिन तत्पर छन् तर हाम्रै नेताहरुको कमी-कमजोरीका कारण हामीले फाइदा लिन सकेका छैनौं । यो भाष्यको सबैभन्दा ठूलो समस्या नै हाम्रा छिमेकीहरु सारै उदार तर हामी नै माग्न वा लिन नजान्ने भन्ने हो ।

हाम्रा छिमेकीहरुले हामीलाई किन फाइदा उठाउन दिने त ? त्यो फाइदाको बदला उनीहरुले आफ्नो फाइदा खोज्छन् कि खोज्दैनन् ? चीनले सोभियत संघ विरोधी खेमामा आफूलाई अमेरिकासँगै उभ्याएकोले नै चीनमा अमेरिकी लगानी र अमेरिकी बजार चीनको लागि खोलियो। सिंगापुरले पनि कम्युनिस्टको विरोध गर्दै अमेरिकासँग आफूलाई उभ्याएर अमेरिकी लगानी र बजार सुनिश्चित गरेको गरेकै हो । सबै देशलाई विकासको लागि एउटा भरपर्दो साझेदार नभई हुँदैन, र त्यो 'भरपर्दो साझेदार' को हित सुनिश्चित नगरी उसले आफ्नो लगानी पनि गर्दैन, बजार पनि दिंदैन । हाम्रो असंलग्नताको रट पनि लगाउने, अनि ठूलै फाइदा पनि खोज्ने- यो त चिची पनि पापा पनि भएन र ? हाम्रा छिमेकीहरुले हाम्रो बालहठ किन पूरा गर्ने ?

अर्को प्रचलित भाष्य हो नेपाल चीनको भौगोलिक अखण्डताको रक्षाको लागि महत्वपूर्ण छ । अब १६ ट्रिलियन डलरको अर्थतन्त्र र विश्वकै शक्तिशालीमध्ये एक सेना भएको मुलुकको भौगोलिक अखण्डताको हामी जस्तो संसारकै गरिब र कमजोर मुलुकले जिम्मा लिने ? यो त हुटिट्याउँले आकाश थाम्ने भनेको जस्तो भएन र ?

उट्पट्याङ कुरा धेरै भयो, अब सोचौं र प्रश्न गरौं । *(स्रोतः अनलाईनखबर)*

# बुढीले मात्र बुझिदिनुपर्ने ?



✍ सुधासुमन ढकाल

केही समय पहिला एक जना मित्रले आफ्नो सामाजिक सञ्जालमा बुढीको शाब्दिक अर्थ लेख्नुभयो ।

जसमा उहाँले 'बु' को अर्थ बुझ्ने सुझ्ने केही होइन र 'ढी ' को अर्थ ढिपी गरिरहने भनेर लेख्नुभएको थियो ।

जसमा प्रतिक्रिया दिने अधिकांश पुरूष मित्रहरूले उहाँको कुरामा सहमति जनाइराख्नु भएको थियो ।

सामाजिक रूपमा राम्रै परिचय बनाइसक्नुभएका उहाँको महिलाप्रतिको दृष्टिकोण र यस्तो किसिमको व्याख्याले पनि सहजै अनुमान गर्न सकिन्छ कि अहिलेको २१ औं शताब्दीमा आइपुग्दा समेत एउटी महिलाले आफ्नै श्रीमानबाट समेत सम्मान पाउन पनि कति संघर्ष गरिरहनुपरेको छ ।

हुन त उहाँले रमाइलोको लागि पनि त्यो पोष्ट गरेको हुन सक्नुहुन्छ तर रमाइलोको लागि सही उहाँको मगजमा कहीँ न कहीँ यो कुराले डेरा जमाएको रहेछ भन्ने भान त भयो नि !

नेपाली समाजमा प्रख्यात उखान छ श्रीमान श्रीमती भनेको एक रथका दुई पाङ्ग्रा हुन् भनेर । तर कुनै एउटा रथका दुबै पाङ्ग्रा समान छैनन् भने त्यो रथले सुरक्षित यात्रा कसरी गर्न सक्छ ? श्रीमान श्रीमती नामका पाङ्ग्राले कसरी रथरूपी घरलाई सफल तरिकाले चलाउन सक्छन् ?

जब एउटी छोरी आफ्नो जीवनको करिब करिब २०/२५ वर्ष उमेर एउटा घरमा बिताएर अपरिचित घरलाई र त्यहाँका सदस्यलाई आफ्नो सर्वेसर्वा ठानेर जान्छिन्, उनीहरूको इच्छा, बानी व्यवहार, चाल चलन, संस्कृति, नियम अनुसार आफूलाई ढालेर त्यही परिवारका लागि भनेर आफ्ना इच्छा, चाहना, बानीलाई खुसी खुसी परिवर्तन गर्छिन् उनलाई चाहिँ कस्ले बुझिदिने ? यदि बुढीहरुले नबुझिकनै ढिपी गरिराख्छन् भन्ने लाग्छ भने एकपटक तपाईंले बुझाउने कोसिस गरेर हेर्नुहोस् त कति सजिलै तपाईंको कुरामा सहमत जनाउँछन् ।

बुढीहरूलाई पनि आफ्नो मान्छेले केही समय मेरा लागि पनि छुट्याओस्, मेरा कुरा पनि सुनिदेओस्, भान्साको काममा नसघाए पनि छेवैमा बसिदेओस, साथीभाइसँग निर्धक्क भएर म आज बुढीसँग छु भन्न सकोस् भन्ने अपेक्षा राखेका हुन्छन् ।

केही समय उनीहरूलाई दिएर त हेर्नुस् बुढीहरू जति सहज तपाईंलाई कोही अरू लाग्दै लाग्दैन ।

म यति दावाको साथ भन्न सक्छु कि तपाईंको बारेमा चिन्ता गर्ने, तपाईंको भलो चिताउने तपाईंको आमाबुवा, दाजुभाइ, दिदीबहिनी जत्तिकै तपाईंको श्रीमती पनि हो। तर हाम्रो समाजमा श्रीमान र श्रीमतीको पवित्र, निःस्वार्थ सम्बन्धलाई स्वार्थको सम्बन्धको रुपमा गलत परिभाषालाई जबरजस्ती लाद्न खोजिएको हुनाले पनि कतिपय सम्बन्धहरू सफल रूपमा गन्तव्यमा पुग्न सकिरहेका छैनन् ।

बुढी भन्ने जहिले पनि बुढाहरुको काममा बाधा उत्पन्न गर्ने, खर्च बढाउने, बुढाको स्वतन्त्रतामा अड्चन गर्ने मात्र हुँदैनन् भन्ने कुरा के तपाईंले साँच्चिकै नबुझेकै हो त ?

एक पटक आफ्नो भित्री आँखाले हेर्नुहोस् त, आफ्नो अन्तरमनले बुढीलाई बुझ्ने कोसिस गर्नुहोस् त बुढीको असली शाब्दिक अर्थ अर्कै पाउनुहुनेछ ।

एकपटक सोचौं त जब एउटी छोरी मान्छे विवाह भएर श्रीमानको घरमा जान्छिन् त्यसको भोलिपल्टबाटै उनले आफ्नो आनीबानीमा, इच्छामा परिवर्तन ल्याउनैपर्ने हुन्छ। त्यही घरमा आफूभन्दा उमेरले जेठो देवर नन्दहरु भन्दा ऊ परिपक्व बनिदिनुपर्ने, सबैको जानेको हुनुपर्ने, छिटो उठ्नुपर्ने हुन्छ ।

त्यति सबै आफ्नै आँखा अगाडि भइराख्दा पनि श्रीमानले चाहिँ थाहा नपाएजस्तो गर्ने अथवा सहमति जनाउने तर श्रीमतीले भने हरेक कुरा बुझ्दिराख्नुपर्ने ?

स्वतन्त्रपूर्वक आफ्ना आमा बुवाका काखमा बसेकी छोरी (बेहुली) जब बिहे भएर अर्को घरमा जान्छे तब उसले बोल्ने बोली, उसले हाँस्ने हाँसो, उसले लगाउने कपडा, उसले हिँड्ने हिँडाइ, उसले गर्ने आराममा, उसले खाने खाना, आदि आदि कुराहरू अरूको नै अधिनमा हुन्छ ।

यहाँसम्म कि उसले गरिरहेको जागिरलाई निरन्तरता दिने कि नदिने भन्ने कुरामा पनि उसको निर्णय लागू हुन पाउँदैन। आफ्नो जन्मदिने बुवा-आमालाई भेट्न जानका लागि पनि उसले विवाह भएर आएको घरको कामको आधारमा समय मिलाउन पर्ने हुन्छ। यो कुरा चाहिँ कसले बुझिदिने ?

परम्परादेखि श्रीमानहरूले बाहिरको काम गर्ने, सभा, सम्मेलन, बैठकहरुमा सहभागी हुने, सबै कुराहरू श्रीमतीहरूलाई थाहा नदिने, श्रीमतीहरू अर्थात् बुढीहरूले भने चुलो चौकोको काममा मात्र सीमित हुने, देश दुनियाँको कुरादेखि कोसौं टाढा रहने, श्रीमानको नीति नियममा चल्नुपर्ने बाध्यता थियो ।

तर अहिले मुलुक २१ औं शताब्दीमा आइसक्दा पनि मानिसको सोचाइ र व्यवहारमा आवश्यकता अनुसारको परिवर्तन नआउनु चाहिँ एकदमै दुःखको कुरा हो ।

...बाँकी पृष्ठ ३ मा

# जन्ती जाने, भोज खानेलाई सजाय दिए बालविवाह न्यूनीकरण हुन्छ

बालविवाह आजको ग्रामीण र सहरी दुवै समाजको समस्याको रुपमा रहेको छ । बालविवाहलाई निषेध गर्ने र नियन्त्रण गर्ने कानुन सरकारले ल्याएको छ । तर, कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अहिले पनि नेपाली समाजमा बालविवाह नियमित र सामान्य जस्तै बनिरहेको छ । बालविवाह र यसका प्रभावका विषयमा माइती नेपाल मकवानपुरकी कार्यक्रम संयोजक माया लामासँग समृद्ध समाज दैनिककी सुप्रभा शर्माले गर्नुभएको कुराकानीको सम्पादित अंशः



**माया तामाङ, कार्यक्रम संयोजक**
**माइती नेपाल मकवानपुर**

***समाजः माइती नेपाल मकवानपुरको नियमित काम के हुन्छ ?***
**लामा**: माइती नेपालले मकवानपुर जिल्लामा विगत लामो समयदेखि मानव बेचबिखन विरुद्ध, महिला हिंसा विरुद्ध र बालविवाह विरुद्धको क्षेत्रमा विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना गर्दै आएको छ । माइती नेपालले विशेषगरी मानव बेचविखनको क्षेत्रमा उद्दार, पूर्नस्थापना र कानुनी उपचार, सीपमूलक तालिम, सचेतनामूलक कार्यक्रमहरु गर्दै आइरहेको अवस्था छ ।

***समाजः बालविवाह न्युनीकरणको क्षेत्रमा माइती नेपालले कस्तो कार्यहरु गरिरहेको छ ?***
**लामा**: माइती नेपालले बालविवाहलाई न्युनीकरण गर्नुपर्छ भन्ने उद्देश्यले विभिन्न संघ, संस्थाहरुसँग समन्वय गरी यसका लागि विभिन्न प्रकारको सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । र बालविवाह हुन लागेको अवस्थामा त्यसलाई रोक्ने, सम्झाउने जस्ता कामहरु गर्दै आइरहेको छ ।

***समाजः बालविवाह हुनुका कारण के देख्खिनुभयो ?***
**लामा**: बालविवाह हुनुको प्रमुख कारण सामाजिक सञ्जालको दुरुपयोग देखिन्छ । त्यस्तै साथीको देखासिकीमा सानै उमेरमा केटा साथी बनाउने, भेट्ने र शिक्षा तथा चेतनाको कमीको कारणले पनि कहिलेकाँही अभिभावकले गाली गर्दा पनि भागेर सानै उमेर बिहे गरेको देखिन्छ ।

***समाजः पछिल्लो समय माइती नेपालले कुन-कुन संघ, संस्थाहरुसँग समन्वय गरी बालविवाह न्यूनीकरणसम्बन्धी कार्यक्रमहरु गरिरहेको छ ?***
**लामा**: पछिल्लो समय माइती नेपालले मानव अधिकार संरक्षण तथा मानव बेचविखन विरुद्ध सञ्जाल, बालविवाह विरुद्ध फ्रन्टलाइनमा बसेर काम गर्दै आएको सिविन बालहेल्पलाइन नेपाल, अस्मिता नेपाल जस्ता संघसंस्थाहरुसँग समन्वय गरी कार्यहरु गर्दै आएको छ ।

***समाजः मकवानपुरको राक्सिराङ गाउँपालिकालाई नै केन्द्रित बनाएर बढी कार्यक्रमहरु गर्नुको कारण के हो ?***
**लामा**: राक्सिराङ एकदमै विकट ठाउँ र सीमान्तकृत वर्गका जनजातिहरुको बहुल्यता भएको गाउँपालिका भएकोले अस्मिता नेपाल लगायतका संस्थाहरुले राक्सिराङलाई केन्द्रबिन्दुमा राखेर कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यस्तै त्यहाँका बालबालिकाहरु विद्यालय जानका लागि धेरै टाढा हिँड्नुपर्ने भएकोले प्राय बालबालिकाले पढाई छोडेर गलैंचा बुन्न, होटल रेष्टुरेन्टमा बालश्रम गर्न गएको देखिन्छ । त्यसपछि त्यस्ता बालबालिकाले २० वर्ष नपुगी विवाह गरेको र विवाह हुने उमेरमा डिभोर्स भएका घट्नाहरु प्रशस्तै देखिन्छ । त्यसकारण उनीहरुलाई बालविवाहको असरबारे चेतना दिनका लागि विभिन्न संस्थाहरुको प्राथमिकतामा राक्सिराङ गाउँपालिका पर्न गएको पर्छ ।

***समाजः गाउँ क्षेत्र र सहरी क्षेत्रमा बालविवाहको अवस्थामा कत्तिको फरक देख्खिन्छ ?***
**लामा**: गाउँ क्षेत्रमा अशिक्षा, चेतनाको अभाव र घरपरिवारको कमजोर आर्थिक अवस्थाका कारणले बढी बालविवाह भएको देखिन्छ भने सहरी क्षेत्रमा सामाजिक सञ्जालको दुरुपयोग र देखासिकीले गर्दा नै बढी बालविवाह भइरहेको देखिन्छ ।

***समाजः बालविवाहलाई न्यूनीकरण गर्नका लागि कुन कुन निकायको महत्वपूर्ण भुमिका रहन्छ ?***
**लामा**: बालविवाह न्यूनीकरणका लागि प्रमुख भूमिका अभिभावकको रहन्छ । साथसाथै समुदाय वा समाज, स्थानीय, प्रदेश तथा केन्द्रीय सरकार र विभिन्न संघसंस्थाको महत्वपूर्ण भूमिका रहन्छ । अर्को कुरा सरकारले बालविवाह गर्नेलाई जन्मदर्ता, विवाहदर्ता लगायत विभिन्न सेवासुविधाबाट बञ्चित गर्दै आएको छ । तर मेरो विचारमा यसको साथसाथै बालविवाह गर्ने, गराउने र विवाहमा जन्ती जाने, भोज खानेहरुलाई पनि सजाय दिने व्यवस्था गरियो भने छिट्टै बालविवाह न्यूनीकरण हुने देखिन्छ ।

***समाजः बालविवाह, बालश्रम र मानव बेचविख्खन एकअर्कामा कसरी जोडिएको छ ?***
**लामा**: बालविवाह, बालश्रम र मानव बेचविखन एकअर्कामा अन्तरसम्बन्धित रहेको छ । किनभने बालविवाह भएपछि परिवार पाल्नकै लागि भएपनि बालक अथवा बालिका थोरै पारिश्रमिक मै बालश्रम गर्न जान बाध्य हुन्छन् । र थोरै पारिश्रमिकमा बालश्रम गरिरहेका बालबालिकाहरु अरुको ललाइफकाई र लोभलालचमा सजिलै फस्न सक्ने देखिन्छ ।

***समाजः बेचविख्खनपछि तपाईहरुले उद्धार गर्नुभएका बालिकाहरुको अहिलेको अवस्था कस्तो छ ?***
**लामा**: बेचबिखनपछि फर्किएका बालिकाहरुलाई परिवार र समाजले सजिलै स्वीकार्न सकेको अवस्था छैन । स्वीकारे पनि समाजमा विभिन्न किसिमको शब्दहरु प्रयोग गरेर बेचबिखनबाट फर्केका बालबालिकाहरुलाई नै विभिन्न आक्षेपहरु लगाइने भएकोले उनीहरु समाजमा सजिलै पूनर्स्थापना हुन सकेको छैन । प्रायः महिला तथा बालबालिकाहरु चाहिँ पूनर्स्थापना हुन नसकेर काठमाडौंतिर विभिन्न संघ, संस्थाहरुमा बसिरहनुभएको ।

***समाजः बेचबिख्खन भएर फर्केका बालिका तथा महिलालाई समाजले सजिलै नस्वीकार्नुको कारण के देख्नुभयो ?***
**लामा**: यसको मुख्य कारण चाहीँ पितृ सत्तात्मक समाज र महिलालाई मात्रै गलत भन्ने सोच हो । हाम्रो समाजमा केटा र केटीमध्ये जसको गल्ती भएपनि केटीलाई नै दोष लगाउने तथा केटी कै गल्ती देखाउने चलन रहेको छ । पछिल्लो समय यस्ता सोचहरु केही मात्रामा परिवर्तन भएको देखिन्छ तर सोचेजति परिवर्तन भने हुन सकेको छैन ।

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

# "सिक्न धेरै बाँकी छ"



**सुनिता घलान**
**पूर्वप्राथमिक तह शिक्षक**



कहिलेकाही हामी शिक्षकहरुलाई एक किसिमको भ्रम हुने रहेछ । म सबै जान्दछु । यसैको फलस्वरूप यदाकदा हामी कुनै विद्यार्थीलाई लिएर फलानो विद्यार्थी त अगाडि गएर फिटिक्कै बोल्न सक्दैन, लाज मान्छ, थरथर काँप्छ । अगाडि गएर बोल्न भनेपछि सातदिनको ज्वरो आउँछ भन्दै विद्यार्थीको कमजोर अवस्थाको बारम्बार उदाहरण प्रस्तुत गरिरहेका हुन्छौं । तर त्यही ठाउँमा हामी उभिँदा हाम्रो चैं प्रस्तुती कस्तो हुन्छ त ? हामीले कहिले सोचेका रहेनछौं ।

विद्यालयले शिक्षकहरुको व्यक्तित्व विकास तथा आत्मविश्वास प्रवर्द्धनको उद्देश्यसहित सोमबार गरेको अतिरिक्त क्रियाकलापमा मैले यो कुरा गहिरो गरी महसुस गर्ने मौका पाएँ । अरु समय मज्जाले बोल्ने र कक्षामा बालबालिकालाई मज्जाले पढाउने हामी शिक्षकहरु जब स्टेज उक्लियौं हाम्रा शब्दहरु कताकता हराए जस्तो भयो । जति बोल्दा पनि नथाक्ने हामीहरु कुनै विषयबस्तुमा बोल्नुपर्दा मुरीको भारी बोकेर उभिनु परे जस्ता भयौं । अनि बल्ल बुझ्यौं कि बास्तव मै मञ्चमा उभिएर बोल्नु चानचुने कुरो होइन रहेछ ।

पालैपालो हामी स्टेजमा कमजोर सावित भैरहेका थियौं । तुलनात्मकरुपमा मेरो प्रस्तुती राम्रो भएको सुन्न पाउँदा खुसी त अवश्य नै लाग्यो तरपनि हामी कहाँ रहेछौं भन्ने तथ्य पनि आजको कार्यक्रमले हामीलाई प्रष्ट्याई दियो । करीब ३ हप्ता अघि नै हामीलाई हामीले गर्नुपर्ने प्रस्तुतीको बारेमा सूचनापाटीमा सूचना प्रकाशित गरिएको थियो । सूचना देख्नासाथ कसरी गर्ने होला ? के गर्ने होला ? भन्ने खुल्दुली लागेको थियो । त्यसका लागि मैले आफ्नो तर्फबाट अग्रज शिक्षकहरुसँग सल्लाह लिएँ र आफ्नो तयारी थालिसकेको थिएँ । सायद मेरो प्रस्तुती राम्रो हुनुमा यही नै मुख्य कारण थियो । तर माइकको अघि स्टेजमा उभिएर बोल्नु साँच्चै चुनौतीकै कुरा रहेछ । यदि विषयवस्तुको भरपुर ज्ञान र आत्मविश्वास हुने हो भने त्यो कर्म पनि सजिलो हुने कुरा मैले महसुस गर्न पाएँ ।

मैले विषय सम्बन्धी प्रस्तुतीकरण दिएको थिएँ । त्यसैगरी अन्य शिक्षकहरूले पनि आ-आफ्नो प्रस्तुती दिनुभएको थियो । पुस्तक समिक्षा, भूमिका निर्वाह, वक्तृत्वकला, वादविवाद तथा नृत्यको माध्यमबाट हामीले हाम्रो क्षमता बुझ्ने मौका पायौं । साथसाथै सुदीप सरले हाम्रो प्रस्तुती तथा समग्र कार्यक्रमको विषयमा आफ्नो विचारहरु राख्नुभएको थियो । साथीहरुको प्रतिक्रिया सुन्दा साह्रै रमाइलो लागेको थियो । पुस्तक समिक्षा गर्ने केहि शिक्षकहरुले पहिलोपटक पुस्तक पढ्नुभएको रहेछ भने धेरैजसो शिक्षकले पहिलो पटक माइक समाएर स्टेज उक्लिनुभएको रहेछ । तर जे होस् सोमबारको कार्यक्रमले हामी शिक्षकहरुले सिक्नुपर्ने बाँकी धेरै रहेछ भन्ने बताएको छ ।

आगामी कार्यक्रममा हामीमा पक्कै केही न केही सकारात्मक परिवर्तन यो कार्यक्रमले ल्याउने नै छ भन्ने मलाई विश्वास लागेको छ । हामीलाई निरन्तर सिक्नका लागि हौस्याइरहनु हुने सुदिप सरलाई हामी सबै शिक्षकहरूको तर्फबाट हार्दिक आभार समेत प्रकट गर्न चाहन्छु ।

# मनसुन भित्रिन अझै केही दिन लाग्ने

**काठमाडौंः यस वर्ष मनसुन भित्रिन अझै केही दिन लाग्ने भएको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले सोमबार साँझ दिएको जानकारीअनुसार नेपालमा वर्षाको आगमन औसत मिति (जुन १३ तारिख) भन्दा एक-दुई दिन ढिलो भित्रिने भएको हो ।**

**महाशाखाले यस वर्षको मनसुन प्रणाली भारतको उत्तरपूर्वी भू-भाग, बंगलादेश र भुटानसम्म आइपुगेको जनाएको छ । नेपालको पूर्वी भू-भाग कोशी प्रदेशमा मनसुन भित्रनका लागि अझै केही दिन लाग्ने महाशाखाले बताएको हो ।**

**केही दिनदेखि देशका मध्य तथा पश्चिमी भू-भागमा अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको भन्दै महाशाखाले अझै चार दिन लूको सम्भावना रहेको बताएको छ । महाशाखाका अनुसार काठमाडौं उपत्यकालगायत अन्य उपत्यकाहरुमा पनि तापक्रममा वृद्धि भइरहेको छ । देशका मध्य तथा पश्चिम तराईका भू-भागमा लगातार अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको बताइएको छ ।**

**मौसम पूर्वानुमान महाशाखाले गरेको विश्लेषणअनुसार सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशको तराईका भू-भागहरुमा अत्यधिक गर्मीको सम्भावना रहेको छ । साथै, बागमती प्रदेशको तराईका भू-भाग र मधेस प्रदेशको पश्चिमी भू-भागमा थोरै तापक्रम घटे पनि अत्यधिक गर्मीको सम्भावना यथावत् रहने देखिएको छ । महाशाखाले आगामी चार दिन (जेठ ३० देखि असार १ गते) सम्म तातो हावा तथा लूको सम्भावना रहेकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । (स्रोतः रातोपाटी)**

# *बुढीले मात्र...*

समयसँगै मानव व्यवहारमा परिवर्तन आएन भने त्यसलाई विकास मान्न सकिँदैन ।

श्रीमती (बुढी) हरूलाई पनि आफ्ना साथी, दिदीबहिनीहरूसँग समय बिताउन मन हुन्छ, चिया पसलहरूमा हुने विभिन्न छलफलहरूमा सहभागी हुन मन हुन्छ, आफ्नो विचार व्यक्त गर्ने इच्छा हुन्छ, हप्ताका अन्तिम दिन (विकेन्ड) मा साथीहरूसँग रमाइलो गरेर तनावमुक्त हुन मन हुन्छ, पुरूषहरू र महिलाहरू दुबैको मन उस्तै त होला नि तर आफ्नो घर, परिवार, श्रीमान, छोराछोरीभन्दा माथि अरू केहीलाई पनि नराखेर जीवन व्यतित गर्ने श्रीमतीहरूका इच्छा र चाहनालाई कसले बुझिदिने ?

यसो लेखिरहँदा सबै श्रीमतीहरूलाई माथि उल्लेख भएजस्तै जीवन बिताइरहेका छन् भन्न खोजेको चाहिँ होइन, कतिपय महिलाहरू विवाहपश्चात नै आफ्नो श्रीमान, घर परिवारको साथ सहयोगका कारण नै समाजमा स्थापित हुन सकेका थुप्रै उदाहरणहरू पनि हामी माझमा छन् ।

त्यसैले बुढीलाई आफ्नो जिम्मेवारी, बोझ, खर्च र तनाव दिने सम्बन्धका रूपमा नलिएर मनैदेखि जीवनभरका लागि सहकर्मीको रूपमा व्यवहार गरेर त हेर्नुहोस् जीवन साँच्चिकै सुन्दर लाग्नेछ ।

*(स्रोतः सेतोपाटी)*


## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टपेन्ट



शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क**

**०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७**



## स्वादिष्ट नेवारी खाजा

अब






होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३



## हाम्रो सुमो सेवा-२ को

काउन्टर सरेको जरुरी सूचना



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइन: ९८५५०-७२२८८**

# विभिन्न घटनामा एकै दिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको विभिन्न जिल्लामा विभिन्न घटनामा एकै दिन ५ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुली जिल्लामा विभिन्न घटनामा परी ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-२३, हरियाली सामुदायिक वनमा गैंडाको आक्रमणबाट एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगर पालिका-२५ घर भई हाल ध्रुबघाट बस्ने ६० वर्षीय झन्डिल बोटे रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बोटेलाई आइतबार बेलुका ७ बजेको समयमा सामुदायिक बनमा निउरो टिप्ने क्रममा अचानक गैंडाले आक्रमण गर्दा घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल भरतपुर लगिएको प्रहरीले जानकारी दिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, चितवन जिल्लाको राप्ती नगरपालिका-९, अमृतपानीस्थित भित्री सडकमा एक जना पुरुषको शव फेला परेको छ। आइतबार सनाखत नभएको अन्दाजी ४५ वर्षीय पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल भरतपुर लगिएको प्रहरीले जानकारी दिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

रामेछाप जिल्लाको मन्थली नगर पालिका-७, कउचिनीमा भिरबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने ५८ वर्षीय नेप्टे सार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सार्की आइतबार घरबाट १ किलोमिटर उत्तर वनमा घाँस काट्न गएकोमा भिरबाट लडी घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि मन्थली अस्पतालमा लगिएको प्रहरीले जानकारी दिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-७ स्थित मेलम्ची नदीमा पौडी खेल्ने क्रममा डुबेर एक जना बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने १३ वर्षीय अजय तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आइतबार तामाङ मेलम्ची नदीमा पौडी खेल्न क्रममा खोलामा डुबी मृत्यु भएको थियो। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि मेलम्ची नगर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका-४, दमारे टोलमा बारीको कान्लाबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने ६५ वर्षीय हर्कबहादुर दर्लामी मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मगर आइतबार आफ्नो घरबाट १ किलोमिटर पूर्व-उत्तर आफ्नै पाखो बारीको कान्लाबाट लडदा गम्भीर घाइते भएका थिए। घाइते मगरलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जानकारी दिइको छ।

# घरको पेटीमा चौलागाई मृत फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित संगमचोकमा रहेको भत्केको पुरानो घरको पेटीमा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा हेटौंडा-६, चौघडा बस्ने ५५ वर्षीय गोपी चौलागाई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

चौलागाई सोमबार बिहान ५ बजेको समयमा घरको पेटीमा सुतेको ठाउँमा मृत अवस्थामा फेला परेका थिए। चौलागाई नगर क्षेत्रमा कबाडी उठाउने काम गरी हिँड्ने गरेको प्रहरीले जनाएको छ। चौलागाईको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

# विषादी सेवनबाट बिरामी भएका वाईबा डिस्चार्ज

समाज संवाददाता

हेटौंडाः दुई साताअघि हेटौंडा-१५, जाँतेमा विषादी सेवनबाट बिरामी भएका एक जना अस्पतालबाट डिस्चार्ज भएका छन्। जाँतेकी ३६ वर्षीया सोनी पाखिनले आफ्ना दुई सन्तानलाई विष पिलाएर आफूले पनि विष पिएकी थिइन्। विषादी सेवनबाट गम्भीर भएका पाखिनकी ७ वर्षीय छोरा अस्किन वाईबा उपचारपछि डिस्चार्ज भएका हुन्।

विषादी सेवनबाट पाखिनकी १८ महिनाको छोरा जेनिस वाईबाको भने भोलिपल्ट नै उपचारको क्रममा मृत्यु भएको थियो। पाखिनको अहिले चितवन मेडिकल कजेजमै उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो।

पाखिनको स्वास्थ्य अवस्था मध्यम नै रहेको उहाँले बताउनुभयो। निको भएर डिस्चार्ज भएपछि पाखिनमाथि जाहेरीका आधारमा मुद्दा दर्ता हुने उहाँले बताउनुभयो। यता कानुन व्यवसायी मोहनप्रसाद ढकालले पाखिनविरुद्ध अब कर्तव्य ज्यानको मुद्दा दर्ता हुनसक्ने बताउनुभयो।

मृत्युको कारण पाखिन नै भइसकेपछि कर्तव्य ज्यानमै मुद्दा लाग्ने उहाँले बताउनुभयो। निको भएर डिस्चार्ज भएपछि पाखिनलाई कर्तव्य ज्यानको मुद्दा लाग्ने र २५ वर्षसम्मको कैद भोग्नुपर्ने कानुनी व्यवस्था रहेको उहाँले बताउनुभयो।

# धादिङमा एकै दिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लामा भएको विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। धादिङ जिल्लाको नीलकण्ठ नगरपालिका-११ स्थित मौवा खोलामा एक पुरुषको शव फेला परेको छ। आइतबार दिउँसो १ बजेको समयमा सनाखत नभएको पुरुषको शव सडेगलेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल धादिङबेशी लगिएको प्रहरीले जानकारी दिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

धादिङ जिल्लाको धुनिबेशी नगरपालिका-३, नयाँगाउँमा निर्माणाधीन घरको प्लास्टर गर्ने क्रममा लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा त्रिपुरासुन्दरीका ४५ वर्षीय मनोज कार्की रहेको प्रहरी जानकारी दिएको छ।

कार्की आइतबार निर्माणाधीनमा घरमा प्लास्टर गर्ने क्रममा लड्दा गम्भीर घाइते भएका थिए। घाइते कार्कीलाई उपचारका लागि ट्रमा सेन्टर काठमाडौं लगिएको थियो। उपचारको क्रममा बेलुका १० बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। यस्तै, धादिङ जिल्लाका सिद्लेक गाउँपालिका-१, बुङचुङस्थित थोपल खोलामा डुबेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा गजुरी गाउँपालिका-५, घाटबेशी बस्ने १७ वर्षीय सुशील श्रेष्ठ रहेको प्रहरी जानकारी दिएको छ।

आइतबार श्रेष्ठ खोलामा नुहाउने क्रममा डुबेर बेहोस भएका थिए। बेहोस श्रेष्ठलाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# महानगरको निर्देशनपछि छात्रवृत्ति बाँड्दै विद्यालय

काठमाडौंः काठमाडौं महानगर पालिकाको निर्देशनपछि धमाधम निजी (संस्थागत) विद्यालयहरुले विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरी नामावलीसहितको विवरण महानगरमा पठाउन थालेका छन्। महानगरपालिकाको शिक्षा विभागका अनुसार छात्रवृत्ति वितरणको विवरण दैनिक आउने गरेको छ।

महानगरपालिकाले बारम्बार छात्रवृत्ति वितरणका लागि ताकेता गरे पनि अटेर गरेपछि गत मंगलबार विद्यार्थीलाई छात्रवृत्ति प्रदान नगर्ने ३४२ वटा निजी विद्यालयको नाम सार्वजनिक गरेको थियो। महानगर पालिकाले निजी विद्यालयले शैक्षिक सत्र २०८० मा कक्षा १० सम्मका विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धमा वैशाख १० गते नै परिपत्र गरेको थियो।

जेठ १० गते गोरखापत्रमै सार्वजनिक सूचना जारी गरी जेठ १५ गतेभित्र छात्रवृत्ति वितरण गरी त्यसको जानकारी जेठ १६ गते कार्यालयमा पठाउन निर्देशन दिएको थियो। उक्त समयसम्म पनि छात्रवृत्ति वितरणको विवरण नपठाएपछि महानगर पालिकाले ती विद्यालयहरूको विवरण नै सार्वजनिक गरेको हो।

महानगरपालिका शिक्षा विभाग प्रमुख शिक्षा अधिकारी सीताराम कोइरालाले अहिले धमाधम विद्यालयहरूले छात्रवृत्ति प्रदान गरी सो को विवरण विभागमा पठाउने गरेको जानकारी दिए। 'महानगरले नाम नै सार्वजनिक गरेर चेतावनी दिएपछि बल्ल विद्यालयहरु सचेत भए, अनि अहिले धमाधम विवरण पठाउँदैछन्, यति गरेमात्रै सचेत हुने थाहा भयो', उनले भने।

महानगरपालिकाले सूचना नै जारी गरेर र महानगर प्रमुख बालेन शाहले पनि सामाजिक सञ्जालमा विद्यालयहरुलाई जेठ २८ भित्र छात्रवृत्ति प्रदान गरी विवरण महानगरमा पठाउन् भनेका थिए। उनले भनेका थिए, 'हामी काठमाडौं महानगर पालिकाभित्र अध्ययनरत विद्यार्थीले नियमअनुसार पाउनुपर्ने अधिकारको बारेमा गम्भीर छौं, नियमअनुसार विवरण पेस नगरेमा काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५६ को उपदफा ४ बमोजिम विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द वा यस ऐन वा अन्य प्रचलित कानुनबमोजिम हदैसम्मको कारबाही गरिनेछ।'

महानगरपालिका शिक्षा विभागका प्रमुख कोइरालाका अनुसार ५ सय ४ निजी विद्यालयहरुले छात्रवृत्ति वितरण गरी विवरण पठाएका छन्। अब १ सय ४ विद्यालयहरुको मात्रै बाँकी रहेको उनले जानकारी दिए।

महानगरपालिकाले दिएको समयसीमा भने सकिइसकेको छ तर अहिले विद्यालयले विवरण पठाउँदै गरेकाले थप अन्य प्रकृया नथालिएको उनले बताए। 'अब आज, भोलिसम्ममा सबै विवरण आउँछ भन्ने अपेक्षा राखेका छौं, अहिले पनि धमाधम आइरहेको छ' उनले भने।

काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा (५०) मा (निजी) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। उपदफा (१) मा (निजी) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

'उपदफा (१) बमोजिमको दश प्रतिशतलाई १०० प्रतिशत मानी त्यसको पचास प्रतिशत रकम महानगर शिक्षा विकास कोषमा जम्मा गर्नुपर्नेछ र बाँकी पचास प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम जेहनदार, विपन्न, अपाङ्गता भएको, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ', ऐनमा भनिएको छ।

काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम (५८) मा पनि छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। उक्त नियममा भनिएको छ, 'संस्थागत विद्यालयहरूले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरूलाई क्रमशः शतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ, विद्यालयहरूले कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघटाई देहायबमोजिमको जेहेन्दार, विपन्न, असहाय तथा गरिब, अपाङ्गता, महिला, दलित, जनजाति, द्वन्द्वपीडित र शहीद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।' (स्रोतः थाहा खबर)

# द्वन्द्वप्रभावित युवालाई उद्यमशीलता विकास तालिम

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिकामा द्वन्द्व प्रभावित युवाहरूलाई ४ दिने उद्यमशीलता विकास तालिम सुरु भएको छ। बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद्को आर्थिक सहयोग तथा जिल्ला युवा समिति सिन्धुलीको समन्वयमा, सामुदायिक विकास तथा सचेतता नेपाल र जनजाति समाज विकास कार्यक्रम (जेएसडीबि) को संयुक्त आयोजनामा तालिम सन्चालन भएको हो।

सामुदायिक विकास तथा सचेतना नेपालका सचिव अनन्त कुमार बानियाँको अध्यक्षता तथा हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाईबाको प्रमुख आतिथ्यमा तालिमको उद्घाटन कार्यक्रम भएको हो। कार्यक्रम जिल्ला युवा परिषद् सिन्धुलीका अध्यक्ष हेम कार्की, हरिहरपुरगढी गाउँपालिका वडा नम्बर ४ का वडा अध्यक्ष कमल राई, श्री माध्यमिक विद्यालय महेन्द्रझाडीका प्रधानाध्यापक रेनुराज देवकोटालगायतको आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो।

द्वन्द्व प्रभावित युवाहरू प्रायःजसो विदेश पलायन भएको पाइएकाले युवालाई उद्यमशीलताको विकास गरी सीप र रोजगारीसँग जोड्ने मुख्य उद्देश्यका साथ तालिमको आयोजना गरिएको हरिहरपुर गढीका अध्यक्ष बज्रध्वज वाईबाले बताउनु भएको छ। युवालाई नेपालमा नै व्यापार र व्यवसायमा प्रोत्साहन गरेर विदेश पलायन हुनबाट रोक्नका लागि उद्यमशीलता विकास तालिम उपयुक्त रहेको उहाँको भनाइ छ।

संस्थाले मकवानपुर र सिन्धुलीमा गरी ६४ जना युवालाई उद्यमशीलता तालिममा संचालन गर्ने लक्ष्य रहेको संस्थाका सचिब अनन्त कुमार बानियाँले बताउनुभयो। हाल हरिहरपुरगढी गाउँपालिका र मरिण गाउँपालिकाका ४५ जना युवाहरु प्रशिक्षार्थीको रूपमा सहभागी रहेका छन्। तालिममा अनन्त कुमार बानियाँ र हरिहरपुरगढी गाउँपलिकाका उद्यम शाखा प्रमुख पोष्टराज बिकले सहजीकरण गर्नुहुनेछ।

## सच्याइएको:

मिति २०८० साल जेठ २९ गतेको समृद्ध समाज दैनिकको अंकमा तेस्रो पृष्ठमा प्रकाशित सिद्धार्थ माविको शिक्षक आवश्यकतासम्बन्धधी सूचनामा प्रथमपटक सूचना प्रकाशित मिति २०८०/०२/२९ गते हुनुपर्नेमा असावधानीवस अन्यथा भएकोमा सच्याइएको छ। **बजार शाखा।**


गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि



हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



हृदयघात सम्बन्धि जानकारी

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ। यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ। खुसीको कुरा, हाम्रो आफ्नो नियमित बानी व्यहोराले हृदयघात बाट बच्न सकिन्छ।

कस्तो वानि व्यहोराले बच्न सकिन्छ त ?

- सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
- मध्यपान सेवन नगर्ने,
- स्वास्थ्यकर खाना खाने,
- नियमित रुपमा व्यायाम गर्ने,

निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउने

१. छातिको विच भागमा वा बायाँतिर दुख्ने र सो दुःखाइ घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा।
२. छातिमा भारीपन वा मन्द मन्द दुखेमा।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका विरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरिवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर वानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ